लिखु तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धोबी बजार, रामेछाप  बागमती प्रदेश, नेपाल

सम्वत् २०८३ साल असार २५ गते बसेको लिखु तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरुः

## गाउँ कार्यपालिका बैठक संख्याः ०६/२०८३

| क्र.स. | विषयगत समिति क्षेत्र | निर्णयहरुको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | संस्थागत विकास तथा सुशासन क्षेत्र | १) अघिल्लो मितिः २०८३/०३/०८ गतेको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनका अवस्था लगायतका विषयमा समीक्षा गरियो।<br>२) आर्थिक वर्ष २०८३/०८४ को वार्षिक विकास कार्यक्रमका लागि कार्यक्रम तथा आयोजना छनौट गर्न लिखु तामाकोशी गाउँपालिकाको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम विषयगत समितिबाट प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भई तर्जुमा समितिद्वारा मिति २०८३ असार ०८ गते गाउँकार्यपालिकाबाट स्विकृत भए पश्चात मिति २०८३ असार १० मा गाउँसभामा पेश भएकोमा आ.व. २०८३/०८४ को समग्र वार्षिक कार्यक्रम तथा बजेट माथि मिति २०८३ असार ११ देखि २४ गतेसम्म दफावार छलफल गरी संशोधित बार्षिक बजेट तथा कार्यक्रम २०८३/०८४ स्वीकृतिका लागि आगामि १७ औं गाउँ सभाको अधिवेशनको तेस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।<br>३) गाउँपालिका अन्तर्गत विभिन्न विषयगत शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत सेवा करारका सम्पूर्ण कर्मचारीहरू कार्यसम्पादन मूल्यांकन गराई नियमानुसार सम्झौता गरी म्याद थपका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो।<br>४) कार्यालयको दैनिक कार्य संचालन लागि भाडामा लिईएका घरका कोठा र हलहरूको नियमानुसार सम्झौता गरि म्याद थप गर्ने गराउने निर्णय अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो।<br>५) गाउँपालिका चालु आर्थिक वर्ष २०८२/०८३ को हाल चौथो चौमासिक (वार्षिक खर्च) सम्मको आयोजना तथा कार्यक्रमका लागि चालु र पूँजीगत रूपमा भएको खर्च अनुमोदन गर्न गाउँ सभामा पेश गर्ने निर्णय गरियो। | |
| २ | आर्थिक विकास क्षेत्र | ६) गरिवी निवारणका लागि वञ्चितिकरणमा परेका समुदायको आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्दा भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो।। | |
| ३ | सामाजिक विकास क्षेत्र | ७) गाउँपालिकाको तामाङ भाषा (कक्षा १-८) को स्थानीय पाठ्यक्रम र तामाङ भाषाको कक्षा १ को पाठ्यसामाग्री तथा पाठ्यपुस्तक लेखन एवम् निर्माणका लागि परामर्श सेवा खरिद मार्फत कार्यादेश दिई तथ्याङ्क सङ्कलन, विषयगत कार्यशाला, मस्यौदा लेखन, सल्लाह सुझाव र पृष्ठपोषण सहित पेश भएको कक्षा १ को स्रोत सामग्री एवं पाठ्यपुस्तकलाई स्वीकृत गरी आगामी आर्थिक वर्षमा छपाई तथा वितरणका लागि सम्बन्धित शाखालाई सहजीकरण गर्ने गराउने निर्णय गरियो।<br>८) गाउँपालिका अन्तर्गत विद्यालयहरूमा विभिन्न समयमा कामकाजमा खटाइएका शिक्षक/सहजकर्ताहरुलाई सोही विद्यालयमा पदस्थापन गर्ने निर्णय गरियो।<br>९) बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, हेटौडाबाट यस स्थानीय तहलाई अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम शीर्षकमा | |

**द्रष्टव्यः** निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित विषयगत क्षेत्र/शाखा/महाशाखाबाटै उपलब्ध हुनेछ।

०८३/३/२५
प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | लिखु तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धोबी, रामेछाप बागमती प्रदेश, नेपाल | प्राप्त अनुदानको अधिनमा रही सो कार्यक्रम कार्यान्वयनको अन्तिम चरणमा पुगेकोले आगामी दिनमा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनलाई दिगो बनाउन सम्बन्धित सरोकारवाला सम्पूर्ण पक्षहरूसँग आवश्यक समन्वय, सहकार्य र सहजीकरण गरी क्रमिक रुपमा संस्थागत गर्दै लाने कार्ययोजना सहित यहि मिति २०८३ साल असार महिनाको २९ गते सोमबारका दिन यस गाउँपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको स्थानीय तह घोषणा गर्ने निर्णय गरियो।<br>१०) गाउँपालिकाको शिक्षक तथा कर्मचारी व्यवस्थापन अनुदान सम्बन्धी कार्यविधि, २०७९ बमोजिम सेवा करारमा नियुक्ति तथा पदस्थापन भई यस पालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत स्वयंसेवक शिक्षक, कर्मचारी र प्रारम्भिक बाल विकास सहजकर्ताहरूको करार सेवा नविकरण गर्ने गराउने निर्णय गरियो।<br>११) गाउँपालिकाको वडा नं.६, खिम्ती स्थित प्राविधिक धार सञ्चालित सामुदायिक विद्यालय श्री तामाकोशी जनजागृति माध्यमिक विद्यालयको पत्रानुसार बागमती प्रदेश सरकार, बागमती प्रदेश सरकार, सामाजिम विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास कार्यालय, काभ्रेपलाञ्चोक र गाउँपालिका, रामेछापको लागत साझेदारीमा सञ्चालित सामुदायिक विद्यालयमा सिक्दै-कमाउदै, कमाउदै-सिक्दै कार्यक्रम अन्तर्गत Computer Hardware & Mobile Repairing कार्यक्रम उक्त विद्यालयले कार्यान्वयन गरी सामाजिक विकास कार्यालयबाट हुने भुक्तानीको कार्य सम्पन्न भइसकेकोले यस स्थानीय तहले सो कार्यक्रम कार्यान्वयनका लागत साझेदारी गर्न प्रतिवद्ध रही सम्बन्धित निकायलाई सिफारिस गरिए अनुसारको लागत साझेदारी रकम नियमानुसार सम्बन्धित विद्यालयको नाममा भुक्तानीका लागि अनुमोदन गर्ने निर्णय गरियो। | |
| ४ | पूर्वाधार विकास क्षेत्र | १२) गाउँपालिकास्तरिय १५ शैयाको अस्पतालको निर्माणको कार्यप्रारम्भको आवश्यक छलफल सहित सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो। | |
| ५ | वतावरण तथा विपद् व्यवस्थापन क्षेत्र | | |

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम माथि उल्लेखित निर्णयहरु सर्बसाधारणका लागि प्रकाशन गरिएको छ।

०८२।३।२५

प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**द्रष्टव्यः** निर्णयसँग सम्बन्धित थप जानकारी सम्वन्धित विषयगत क्षेत्र/शाखा/महाशाखाबाटै उपलब्ध हुनेछ।